नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
साइबर ब्यूरो

फोन: ९८५१२८६७७०, ०१-५३१९०४४
Email: cyberbureau @nepalpolice.gov.np
भोटाहिटी, काठमाडौं

मिति: २०८०-०७-२३ गते।

# प्रेस विज्ञप्ति

## सामाजिक सञ्जालको दुरुपयोग गरी चरित्रहत्या गर्ने व्यक्ति पक्राउ।

सामाजिक सञ्जाल TikTok र Facebook मार्फत मेरो तस्विर तथा श्रव्य-दृश्य दुरुपयोग गरी चरित्रहत्या गर्ने उद्देश्यले क्याप्सन समेत लेखी सामाजिक सञ्जालमा प्रकाशन तथा प्रसारण गरेकोले कानुन बमोजिम कारबाही गरी पाऊ भनि पीडित महिलाको निवेदन यस ब्यूरोमा प्राप्त हुन आएको। प्राप्त निवेदन माथि प्रारम्भिक अनुसन्धान तथा प्राविधिक विश्लेषण गर्दै जाने क्रममा उक्त कार्य गर्ने सिराहा जिल्ला, लहान नगरपालिका, वडा नं.-२४ स्थायी वतन भई हाल काठमाडौं बस्ने, वर्ष ३६ को मनोज मानव भन्ने मनोज कुमार महतो खुल्न आएको हुँदा निजलाई विद्युतीय कारोबार ऐन, २०६३ बमोजिमको कसूरमा काठमाडौंबाट मिति २०८०/०७/२२ गते पक्राउ गरी सम्मानित काठमाडौं जिल्ला अदालतको आदेशले दिन सात (७) म्याद थप भई आवश्यक अनुसन्धान कार्य भइरहेको।

उप-निर्देशक
(पशुपति कुमार राय)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं. ९८५१२८६७७२